<u>निर्णयहरु:-</u>

१. यस अगाडि बसेका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो । कोभिड- १९ को नयाँ भेरियन्ट पछि यस जिल्लामा ३५८६ जम्मा संक्रमित पाइएकोमा ३३३८ निको भएको, १६९मृत्यु भएको र अहिले ६४ जना संक्रमित रहेको देखिन्छ ।

२. नेपाल सरकारबाट स्वीकृत " कोभिड - १९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८" को बारेमा बैठकमा छलफल गरियो । सो कार्यविधिअनुसार यस जिल्लामा समुदायमा कोभिड-१९ सक्रमणको अवस्था निर्धारण गर्दा एम्बर जोन अनुसार आएकोले मिश्रित किसिमको लकडाउनको प्रकृति निर्धारण गर्नुपर्ने देखियो । तथापि धेरै स्थानीय तहको अघिल्लो हप्ताको तथ्याङ्क र यस हप्ताको तथ्याङ्कको साइज/ आधार अति नै न्यून रहेको पाइयो । स्थानीय तह अनुसारको वर्गीकरण देहाय बमोजिम रहेको छ ।

| SN | Palika | Last Week (Bhadra 15-21) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Negative | Positive | Total tests (IMU enrolled) | Test Positivity | Incremental cases % | New cases per million (approx) | Bed occupancy | Deaths per million (approx) | Oveall score | Strategy /Remarks |
| 1 | Banganga | 57 | 19 | 76 | 25 | 26 | 190 | 0 | 20 | 55 | Mixed lock down/ insufficient tests |
| 2 | Bijaynagar | 6 | 0 | 6 | 0 | 0 | 0 | 0 | | | No sufficient tests |
| 3 | Buddhabhumi | 19 | 2 | 21 | 10 | 0 | 25 | 0 | | 32 | No sufficient tests |
| 4 | Kapilvastu | 52 | 1 | 53 | 2 | 0 | 15 | 0 | | 15 | No sufficient tests |
| 5 | Krishnanagar | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | No sufficient tests |
| 6 | Maharajgunj | 7 | 0 | 7 | 0 | 0 | 0 | 0 | | | No sufficient tests |
| 7 | Mayadevi | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | No sufficient tests |
| 8 | Suddhodhan | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | | | No sufficient tests |
| 9 | Yasodhara | 72 | 0 | 72 | 0 | 0 | 0 | 0 | | 15 | Minimal lockdown/ insufficient tests |
| 10 | Shivaraj | 23 | 5 | 28 | 18 | 66 | 80 | 0 | | 42 | Mixed lock down/ insufficient tests |
| | Kapilvastu District (Total) | 236 | 27 | 263 | 10 | 28% | 75 | 0 | 3 | 38 | Mixed lockdown/ insufficient tests |

३. कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको च.नं. १४१ मिति २०७८।०५।१३ को पत्रसाथ प्राप्त "कोभिड महामारीको अवस्थामा हुन सक्ने निषेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसंग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजना" बारे छलफल गरियो । मिति २०७८।०५।११ गते स्थानीय तहका शिक्षा र स्वास्थ्य संयोजक तथा जिल्ला कोभिड-१९ व्यवस्थापन समिति (DCMC) समेतको छलफल तथा अन्तरक्रियाबाट स्थानीय तहहरुले विद्यालयका शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी, जनप्रतिनिधि समेत सहभागी भई सचेतनाका कार्यक्रम गर्ने, अभिभावक, विद्यार्थीसँग भेटघाट गर्ने, गाउँसमाजमा कोभिड-१९ संक्रमणको अवस्थाको निगरानी गर्ने, टेष्टिङ् गर्ने जस्ता क्रियाकलापहरु गर्ने निर्णय गरिएको थियो ।

४. स्थानीय तहहरुबाट विद्यालय संचालन सम्बन्धी तयारी भैरहैकोले स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि अनुसार स्थानीय तहले आफ्नो तहको सूचक तथा जोखिम मूल्यांकन गरी लकडाउनको तह निर्धारण गरी DCMC लाई जानकारी गराई लकडाउनको प्रकृति अनुसार स्मार्ट लकडाउन कार्यविधि र स्मार्ट लकडाउन कार्ययोजनामा उल्लेख भए अनुसारको क्षेत्र/ उपक्षेत्र/ क्रियाकलापहरु नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने गरी संचालन गर्न सक्ने ।

५. जिल्ला स्थित सबै अस्पताल, स्वास्थ्य संस्थामा कोभिड-१९ संक्रमणको लक्षण देखिएका ज्वरो आएका बिरामीको कोभिड परीक्षण अनिवार्य रुपमा गरी उपचार व्यवस्था मिलाउन निर्देशन दिने।

६. मिति २०७८।०४।२२ देखि निरन्तरता दिइएको निषेध आदेशलाई देहाय बमोजिम परिमार्जन गरी आदेश जारी गर्न सिफारिस गर्ने।

क) निषेध गरिएका गतिविधिहरु :- सभा, सम्मेलन, पार्टी प्यालेस, स्वीमिङ पुल, मेला/ हाट बजार अनावश्यक रुपमा भिडभाड गर्न, जात्रा, महोत्सव, भोजभतेर, भेला भई भिडभाड गरी गरिने साँस्कृतिक कार्यहरु गर्न नपाइने।

ख) खुला तथा सार्वजनिक रुपमा मनाइने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा सांकेतिक रुपमा मात्र मनाउन पाउने।

ग) सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गरेर मात्र गर्न पाउने।

घ) औषधी स्वास्थ्य सामाग्री तथा अत्यावश्यक सेवाका पसलहरु बाहेक अन्य पसल, व्यवसायहरु बेलुका ८:०० बजेसम्म मात्र संचालन गर्न पाइने।

२०७८।५।२२